बैठक संख्या : ८९

मिती : २०७८।०२।०७ गते

स्थान : राप्ती नगरपालिका

समय : बिहान ८: ३० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

उपस्थिति

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

का.वा. वडाध्यक्ष वडा नं ८ श्री पूर्ण प्रसाद आचार्य

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल — सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

ज. स्वा. अ. सुरेश च्यौपाने

प्रशासकीय अधिकृत शारदा देवी शर्मा

क.अ. श्री रमेश चौधरी

मिति २०७८।०२।०७ समय विहान ८:३० बजे

बैठक संख्या-८९

**प्रस्तावहरु**

१. विपत सहयोग सम्वन्धमा ।

२. कोरोना भाइरसको प्रथम चरणको खोप सम्वन्धमा ।

३. वडा नं. १ को कार्यालय भवनको ठेक्का सम्वन्धमा ।

४. कोरोना कोषमा जनप्रतिनिधि, कर्मचारी र शिक्षकहरु समेतको रकम जम्मा गर्ने सम्वन्धमा।

५. कोरोना कोषमा संघ र प्रदेश सरकारवाट सहयोग माग सम्वन्धमा ।

६. रासी-९ स्थित सुख्खा खोलामा नदीजन्य पदार्थ उत्खनन् गर्दा एक्साभेटर प्रयोग सम्वन्धमा।

७. पिप्ले खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको इन्धन र विद्युत महशुल भुक्तानीका लागि सहयोग गर्ने सम्वन्धमा ।

८. वडा नं. ९ को कार्यालय भवनको भुक्तानी सम्वन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

रासी नगरपालिका वडा नं. ११ को कार्यालय भवन ढलान गरी फर्कने क्रममा वडा नं. ११ स्थित आपपानीमा भएको ट्याक्टर दुर्घटनामा परी गम्भिर घाइते हुनुभएका कामदारको उपचार तथा दुर्घटनामा परी ज्यान गुमाउनुभएका परिवारको लागि राहात स्वरुप सहयोग गर्नका निम्ति रासी नगरपालिकाका प्रमुख श्री प्रभा बराल ज्यूको अध्यक्षतामा, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, प्रहरी कार्यालय, हस्पिटलका प्रतिनिधि, निर्माण व्यवसायी, रासी नगरपालिका र खैरहनी नगपालिकाका का जनप्रतिनिधिहरु को उपस्थितिमा भएको वैठकमा रासी नगरपालिकाको तर्फबाट रु १५ लाख सहयोग गर्ने निर्णय भएकोले सोको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७८।०१।३० च.नं.१०८६ बमोजिम १८ वर्ष वा सो भन्दा माथिका भण्डै २ करोड नेपाली नागरिकलाई कोभिड खोप दिने कार्यक्रमको प्रारम्भ भइरहेको हुदाँ उक्त खोप कार्यक्रममा संक्रिय सहभागिताको लागि मन्त्रालयले तयार गरेको web site र App मार्फत प्रत्येक व्यक्तिको Online Pre Registration गर्न/गराउनुहुन भनि अनुरोध भइ आएकोमा यस रासी नगरपालिकामा भएका १८ वर्ष माथिको उमेर समुहका सम्पुर्ण नागरिकहरुलाई मोबाइल एप्स अर्थात वेभ साइट मार्फत उक्त फाराम भर्न लगाउने साथै इन्टरनेटमा पहुच नभएका पहुचँ भएर पनि प्रयास ज्ञान नभएका नागरिकहरुको लागि नगरपालिकाले अफलाइन फारम तयार

गरी वडा वडा मा पठाउने र सोही अनुसार फारम भर्ने व्यवस्था मिलाउन वडा कार्यालयहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.३

प्रयाप्त जग्गाको अभावमा रासी नगरपालिका वडा नं. १ को भवन निर्माण प्रक्रिया अझैसम्म प्रराम्भ नभएको हुदाँ वडा कार्यालयको सिफारिसमा प्राप्त भएको रासी नगरपालिका वडा नं. १ पिप्ले युवा समाजको खेलकुद मैदानको विवाद रहित सार्वजनिक जग्गामा भवन निर्माण प्रक्रिया अघाडी बढाउने निर्णय गरियो ।साथै वडा नं. १ मा आधारभुत स्वास्थ्य केन्द्र निर्माणका लागि ठेक्का आह्वान गरिएकोमा एकमात्र निवेदन परेकोले र सोको दररेट ठेक्काको ल.इ भन्दा करिब ३.२५% वढी भएको भनि मुल्याङ्कन समितिबाट सिफारिस भएको साथै पुन ठेक्का गर्ने समय पनि नभएको, आगामी आ.व मा सो कार्यको लागि वजेट पनि प्राप्त नहुने जानकारी प्राप्त भएकोले पुन विज्ञापन शुल्क, मुल्याङ्कन शुल्क गर्दा थप व्यहवार समेत बढने हुदाँ अन्य हिसावले सवै आधार पुरा भएमा उक्त ठेक्कामा विडरलाई वोलाई विडरले ठेक्का ल.ई भित्र रही काम गर्न चाहेमा कवलियत गराई सम्झौता प्रक्रिया अगाडी बढाउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४

विश्वव्यापी माहामारीको रुपमा फैलिएको द्वितिय चरणको कोरोना भाइरस तिव्र रुपमा बढेसंगै हस्पिटलहरुमा विरामीहरुको चाप, बढ्दो संक्रमण, अक्सिजन सहितको आइसोलेसन, आइसु र भेन्टिलेटरको अभाव भैरहेको सन्दर्भमा नगरपालिकाले नगर क्षेत्रभित्रका विरामीहरुको व्यवस्थापन तथा नागरिकहरुको जिउँज्यानको सुरक्षाका लागि थुप्रै स्वास्थ्य सामाग्री खरिद, आइसोलेसन वेड तयार अस्थायी अस्पताल निर्माण तथा व्यवस्थापन जस्ता कार्य गर्न प्रयाप्त वजेटको अभाव भएको र विपतको वेलामा सबैले हातेमालो गर्दै यसको व्यवस्थापन गर्ने जिम्मा हामी सबैको भएको हुदाँ नगरपालिकाका जनप्रतिनिधिको तर्फबाट १ महिनाको कुल पारिश्रमिकवाट २५% रकम र कर्मचारी (स्वास्थ्य कर्मि तथा कार्यालय सहयोगी वाहेक) तथा शिक्षकको तर्फवाट १ महिनाको कुल पारिश्रमिकको २०% रकम कट्टा गरी कोरोना कोषमा जम्मा गर्न अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ५

विश्वव्यापी माहामारीको रुपमा फैलिएको द्वितिय चरणको कोरोना भाइरसको संक्रमण दिन प्रतिदिन तिव्र रुपमा फैलिरहेकोले सो को व्यवस्थापन तथा न्युनिकरणका लागि आवश्यक स्वास्थ्य सामाग्रीहरु खरिद, आइसोलेसन वेड तयार अस्थायी अस्पताल निर्माण जस्ता पुर्व तयारीका कार्यहरु गर्न नगर संग प्रयाप्त बजेटको अभाव भैरहेको हुदाँ संघ र प्रदेश सरकार संग आवश्यक सहयोगका लागि अपिल गर्ने निर्णय गरियो।

निर्णय नं. ६

रासी नगरपालिका वडा नं. ९ स्थित सुख्खा खोलामा नदीजन्य पदार्थ उत्खनन् गर्ने कार्यको लागि हालसम्म एउटा मात्र एक्साभेटर प्रयोग गर्न अनुमति दिइएकोमा एउटै एक्साभेटरले उत्खनन् गर्न कठिनाइ भैरहेको र खोलामा टिपरहरुले घण्टौ लाइन लाग्नुपर्ने भएको हुदाँ विवाद समेत पर्ने अवस्था आएकोले अर्को थप एउटा एक्साभेटर लाइ तोकिएको क्षेत्रबाट तोकिएको परिमाणमा नदिजन्य पदार्थ उत्खनन् गर्ने गरी अनुमति दिने निर्णय गरियो।

निर्णय नं. ७

पिप्ले खानेपानी तथा सरसफाइ उपभोक्ता समिति र वनदेवी खानेपानी उपभोक्ता समितिलाई मर्च गरी संयुक्त रुपमा वडा नं. १, २, ३ र ४ का बासिन्दालाई स्वच्छ खानेपानी उपलव्ध गराउन लागिएकोमा सो कार्य गर्न आवश्यक जेनेरेटरको लागि इन्धन र विद्युत महशुलको रकम धैरै खर्च भएको हुदाँ उक्त रकम भुक्तानी गर्न कठिन भएको भन्दै रु १० लाख नगरपालिकामा सहयोगको लागि अनुरोध भई आएकोमा वास्तविक विल भरपाई को आधारमा रु ८,००,०००।- (अक्षेरुपि रु आठ लाख ) नगरपालिकाबाट भुक्तानि दिने निर्णय गरियो ।

निर्णय नं. ८

रासी नगरपालिका वडा नं. ९ को वार्ड कार्यालय भवन निर्माण गर्न मिति २०७७-असोज -४ गते श्री महाकाली देवी कन्सट्रकसन कम्पनि प्रालि संग सम्झौता गरी कार्य अगाडी बढाइएको मा उक्त सम्झौतामा उल्लेख भएको केही आइटम तथा सामाग्रीहरु हाल विश्व व्यापी दोस्रो कोराना भाइरसका कारण वजारमा उपल्वध हुन नसकी सो सामाग्रीको ठाउँमा केही आकार परिवर्तन गरी कार्य सम्पन्न गर्नु पर्ने निर्माण व्यवसायीको माग भै आएकोमा सो सम्वन्धमा छलफल गर्दा मनसिव नै देखीएकाले आकारमा परिवर्तन भएको सामाग्रीको सोही बमोजिम दर घटाएर अन्तिम विल भुक्तानी गरी हाल वार्ड कार्यालय सञ्चालन भएको स्थानमा प्रयाप्त ठाउँको अभाव र सेवाग्राहीको अत्याधिक चापले कारोना भाइरसको अत्यन्त जोखिम भएकोले सम्भावित जोखिमलाई मध्यनजर गर्दै तत्काल वार्डको नव निर्मित भवनबाट सेवा सञ्चालन गर्ने गरी कार्य अगाडी बढाउन सम्वन्धित प्राविधिकलाइ निर्देशन दिने निर्णय गरियो ।